वीरेन्द्रनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

पत्र सङ्ख्याः- २०८२।०८३ मितिः- २०८२।५।२०

च.नं.

## पुरस्कार र सम्मानका लागि निवेदन दिने सम्बन्धी सूचना !!

श्री वीरेन्द्रनगर नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरु एवम् शिक्षा, युवा तथा खेलकुदसंग सम्बन्धित सरोकारवालाहरु सबै ।

उपरोक्त सम्बन्धमा राष्ट्रिय शिक्षा दिवसको अवसरमा यहिँ २०८२ असोज २ गते यस नगरपालिकाले **शिक्षा, युवा तथा खेलकुद पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८०** बमोजिम तपसिलको क्षेत्रमा उत्कृष्टता हासिल गर्ने शिक्षा, युवा तथा खेलकुदसम्बन्धी सरोकारवाला व्यक्ति एवम् विद्यालयहरुलाई पुरस्कार तथा सम्मान गर्ने कार्यक्रम रहेकाले उक्त मापदण्ड बमोजिम योग्यता पुगेका र पुरस्कार तथा सम्मान प्राप्त गर्न इच्छुक विद्यालय एवम् व्यक्तिहरुले यहिँ २०८२ भदौ २७ गतेसम्म मापदण्डको अनुसूचि १ बमोजिमको निवेदन नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दिन हुनु यसै सूचना मार्फत सम्पूर्णमा जानकारी गराइन्छ ।

तपसील

१) उत्कृष्ट आधारभूत विद्यालय (सामुदायिकतर्फ)
२) उत्कृष्ट माध्यमिक विद्यालय (सामुदायिकतर्फ)
३) उत्कृष्ट प्रधानाध्यापक र शिक्षक
४) उत्कृष्ट बाल विकास शिक्षक (सामुदायिकतर्फ)
५) उत्कृष्ट विद्यालय कर्मचारी (सामुदायिकतर्फ)
६) सर्वोत्कृष्ट अंक ल्याउने विद्यार्थी (कक्षा ८, एस.इ.इ. र कक्षा १२)
७) उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारी
८) विद्यालयमा सहयोग गर्ने चन्दादाता एवम् लगानीकर्ता (सामुदायिकतर्फ)
९) राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त युवा तथा खेलाडी
१०) शिक्षा क्षेत्रमा काम गर्ने उत्कृष्ट पत्रकार

*(पुनश्चः शिक्षा, युवा तथा खेलकुद पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८० वीरेन्द्रनगर नगरपालिकाको वेभसाइटबाट डाउनलोड सकिनेछ।)*

५।२०

**धिरेन्द्र प्रसाद शर्मा**

**बरिष्ठ उपसचिव**